लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८७७०११
वेबसाइट: rolpa.akc.gov.np
इमेल: akcrolpa@gmall.com

प.सं.:-२०८१/०८२
च.नं.:- १२२

मिति:- २०८१/०६/१८

विषय: सूचना टाँस गरी जानकारी पठाई दिने सम्बन्धमा।

श्री गाउँ कार्यपालिका (लुङग्री/ त्रिवेणी/ गंगादेव/ परिवर्तन/सुनछहरी/ सुनिलस्मृति/ थबाङ/माडि/ रुन्टिगढी) रोल्पा।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८१/०८२ को कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत सिंचाई सहित कृषि विकास कार्यक्रम, पि.वि.एस बीउ आलु वितरण कार्यक्रम, फलफूल बगैचा सुदृढीकरण कार्यक्रम, बीउ आत्मनिर्भर कार्यक्रम (खाद्यान्न/दलहन/तेलहन), बालीवस्तु विशेष सघन व्यवसायिक क्षेत्र विकास कार्यक्रम (स्याँउ र वर्षे आलु), लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम, करार खेती कार्यक्रम, लसुन प्रवर्द्धन कार्यक्रम (परिवर्तन गा.पा), रैथाने बाली प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम, बीउ आत्मनिर्भर कार्यक्रम (तरकारी बाली) सञ्चालनका लागि प्रकाशित प्रस्ताव आह्वानको सूचना पाना ५ (पाँच) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको वेवसाइट र सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनु हुन साथै तहाँ पेश गर्न आएका प्रस्तावनाहरुमा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नभएमा त्यस्ता प्रस्तावहरु लाई दर्ता प्रक्रियामा समावेश नगरिदिनु हुन समेत अनुरोध छ।

अरबिन्द मणि त्रिपाठी
कार्यालय प्रमुख



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८८७०११
वेबसाइट: rolpa.akc.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८१/०८२
च.नं.:-

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव आह्वान गरिएको सूचना

***प्रथम पटक प्रकाशन भएको मितिः २०८१/०६/१८***

कृषि ज्ञान केन्द्र, रोल्पाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक आवेदकले आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले दिन २२ (२०८१/०७/०९ गते भित्र) कार्यालय समयमा तोकिएको ढाँचामा यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, मापदण्ड, कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ लगायत आवश्यक विवरण यस कार्यालयको वेवसाईट www. rolpa.akc.gov.np , Facebook page (कृषि ज्ञान केन्द्र रोल्पा) बाट वा सम्बन्धित गाँउपालिका/नगरपालिकाको कृषि शाखाबाट प्राप्त गर्नुको साथै प्रस्तावहरु सम्बन्धित कृषि शाखा वा कृषि ज्ञान केन्द्र, रोल्पामा समय सिमा भित्र दर्ता गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

<u>तपसिलः</u>

| क्र.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप | मापदण्ड | कार्यक्रम सञ्चाचालन हुने क्षेत्र वा स्थान | अनुदान सिमा | विनियोजित बजेट रु लाखमा |
|---|---|---|---|---|---|---|
| १. | सिंचाई सहित कृषि विकास कार्यक्रम। | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद।<br>• सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने।<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने।<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने।<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | जिल्ला भरी | • पूर्वाधार (सिंचाई कुलो,पोखरी,सोलार सिंचाई, लिफ्ट सिंचाई,थोपा सिंचाईको फिल्टर सेट,बोरिङ्ग) निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाईप आदि) हकमा अधिकतम ५० प्रतिशत।<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु २ लाख अनुदान। | ४० |
| २ | पि.वि.एस. बीउ आलु वितरण। | • बीउ खरिद तथा वितरण। | • कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी सहभागि हुन सक्ने, सिंचाई सुविधा भएको हुनु पर्ने।<br>• बीउ उत्पादन कार्यमा संलग्न भएको हुनुपर्ने।<br>• उत्पादित आलु बीउ प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने। | जिल्ला भरी | • कुल लागतको ७५ प्रतिशत अनुदान। | २ |



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८७७०११
वेबसाइट: rolpa.akc.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८१/०८२
च.नं.:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | फलफुल बगैचा सुदृढीकरण कार्यक्रम। | • बगैचाको सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरीद।<br>• सिंचाई सामाग्री तथा उपकरण खरिद।<br>• रोगकिरा व्यवस्थापनको लागि विभिन्न ल्युर र मोहिनी पासो बनस्पति/जैविक विषादी एप्रोन माक्स आदी।<br>• कार्यालयले फलफुल बगैचा काँटछाँट रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविघि संचालन गर्ने।<br>• स्थलगत प्राविधिक तालिम तथा अभिमूखिकरण। | • कम्तीमा फलफुल ५ रोपनी बगैचा हुनुपर्ने।<br>• फलफुल बगैचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि संचालन गर्ने। | जिल्ला भरी | • कार्यालयले लागत अनुमान सहीतको कार्ययोजना स्वीकृत गरी प्रति कार्यक्रम अभिकतम् रु ५० हजार खर्च गर्न सक्ने।<br>• स्थलगत प्राविधिक तालिम तथा अभिमुखीकरणमा प्रति कार्यक्रम अधिकतम रु ५ हजार खर्च गर्न सकिने। | १ |
| ४. | बीउ आत्मनिर्भर कार्यक्रम/ खाद्यन्न/दलहन/तेलहन। | • उत्पादन सामाग्री: स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल, शुक्ष्म तत्व खरिद।<br>• प्याकेजिङ सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद। | • बीज वृद्धि कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने:<br><br>बीज वृद्धि — आवश्यक क्षेत्रफल (रोपनी)<br>तरकारी बीउ — ५<br>खाद्यान्न बाली बीउ — ६०<br>दलहन/तेलहन — २०<br><br>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने।<br>• सामूहिक बीउ उत्पादन क्लस्टरमा गर्नुपर्ने।<br>• बीउ कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | जिल्ला भरी | • बीउ आत्मनिर्भर कार्यक्रमको हकमा प्रोत्साहन स्वरुप देहाय बमोजिम उपलब्ध गराईने छ ।<br>• तरकारी बीउ उत्पादनमा प्रति रोपनी रु ५०००।-<br>• खाद्यान्न/ दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु१५००/- अनुदान दिईने। | ६ |



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८४७८२४५०५/९८५७८७७०११
वेबसाइट rolpa.akc.gov.np
इमेल: akcrolpa@gmail.com

# कृषि ज्ञान केन्द्र, रोल्पा

प.सं.:-२०८१/०८२

च.नं.:-

<table>
<tr>
<td>५.</td>
<td>बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (स्याउ, वर्षे आलु)</td>
<td>• बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग।<br>• क्षमता अभिवृद्धि।<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा।<br>• प्रशोधन तथा बजारीकरण सहजिकरण।<br>• फलफूल बालिको हकमा खाडल तयारी</td>
<td>• कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने।<br>• देहाय वमोजिमको मापदण्ड अनुसार Cluster Approach मा क्षेत्रफल विस्तार हुनुपर्ने।
<table>
<tr><th>क्र.स</th><th>बाली</th><th>क्षेत्रफल (हे.) /क्लस्टर संख्या</th><th>बजेट रु. लाख</th></tr>
<tr><td>१.</td><td>वर्षे आलु/ आलु</td><td>२० (बढिमा १० क्लस्टर)</td><td>२५</td></tr>
<tr><td>२.</td><td>हाइडेन्सिटी स्याउ</td><td>१ (बढिमा २ क्लस्टर)</td><td>४५</td></tr>
</table>
नोट: तोकिएको क्षेत्रफलको कम्तिमा ८०% पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• आलुबालीको नयाँ क्षेत्र विकासमा प्राथमिकता दिनुपर्ने।</td>
<td>जिल्ला भरी स्याउ उत्पादन हुने क्षेत्र।</td>
<td>• कार्यालयले लागत अनुमान सहीतको कार्ययोजना स्वीकृत गरी कार्यक्रम संचालन गर्ने।<br>• बीउ/बिरुवा खरिदमा शत प्रतिशत र स्याउ स्टेकिङ्गमा लागतको ५० प्रतिशत सहयोग उपलब्ध गराउन सक्ने, फलफूल बालिको हकमा प्रति खाडल ( कम्तिमा ३•३•३ घनफुट) का लागि रु १००।- दरले खर्च गर्न सक्ने र बाँकी रकम आवश्यकताको आधारमा प्रति हेक्टर अधिकतम् रु ५ हजार, अन्य उत्पादन समाग्रीका लागि खर्च गर्न सकिने छ ।<br>• क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली अधिकतम् रु १ लाख खर्च गर्न सकिनेछ।</td>
<td>७०</td>
</tr>
<tr>
<td>७</td>
<td>लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम।</td>
<td>• बाली/वस्तु उत्पादन, प्रसोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्ने।<br>• साना पूर्वाधार( टनेल, नर्सरी, गुमोज) आदि।<br>• तालिम तथा सचेतना</td>
<td>• लक्षित वर्ग विशेष आर्थिक रुपले विपन्न भूमीहिन, बादी, विपन्न दलित आदि सिमान्तकृत वर्गलाई प्राथामिक्ता दिनु पर्ने ।<br>• लक्षित समुदादयमा कम्तिमा २० जना घरधुरी समावेश गरी कार्यक्रम संचालन गर्नु पर्ने।<br>• सहुलियत नपाएकालाई प्राथमिकता दिईने ।</td>
<td>जिल्ला भरी</td>
<td>• कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी संचालन गर्ने ।<br>• प्रति परिवार अधिकतम् रु २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सकिने ।</td>
<td>१०</td>
</tr>
</table>



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४४०५/९८५७८७७०११
वेबसाइट: rolpa.akc.gov.np
इमेल: akcrolpa@gmall.com

प.सं.:-२०८१/०८२
च.नं.:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | करार खेती कार्यक्रम । | • करारखेती गर्ने कृषक/फार्म/ सुमुह/ सहकारीलाई जग्गाको भाडामा सहयोग गरिने । | • करारनामा स्थानिय तहको रोहवरमा हुनु पर्ने । • एकाघरको परिवार बीचमा करारनामा हुनु पर्ने । • भूमीहिन लाई वा ५ कठ्ठा भन्दा कम जग्गा भएका कृषकलाई प्राथमिकता दिईने। • बाँझो जग्गा वा संस्थागत जग्गा भाडामा लिनेलाई प्राथमिकता दिईने। • करारनामामा कम्तीमा ५ (पाँच वर्ष) खेती गर्ने प्रतिबद्धता हुनु पर्ने । | | • प्रति हेक्टर अधिकतम् रु ३० हजारका दरले जग्गा भाडा वापत अनुदान दिन सकिने। • प्रति अनुदान ग्राही अधिकतम ३ हेक्टरसम्म कार्यक्रम सञ्चालन गर्न सकिने। | ६ |
| ९ | लसुन प्रवर्द्धन कार्यक्रम (परिवर्तन गाँउपालिक) | • उत्पादन सामाग्री, • सुक्ष्म तत्व खरिद, • रोगकिरा व्यवस्थापन सामाग्रीहरु, • यन्त्र उपकरण, • बजारीकरण (क्रेट,बोरा,प्याकेजिङ सामाग्री,लेवलिङ्ग लगायत) सहयोग। | • कृषक/ कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम संचालन गर्नु पर्नेछ। • तराईको हकमा कम्तीमा २ कठ्ठा र पहाडको हकमा कम्तीमा १ रोपनी क्षेत्रफलमा लसुन खेती विस्तार गर्नु पर्ने। | परिवर्तन गा.पा. | • उत्पादन समाग्री र बजारीकरण समाग्रीमा ५० प्रतिशत अनुदान। • प्रति हेक्टर अधिकतम् १ लाख अनुदान रकम खर्च गर्न सकिने। | ५ |
| १० | रैथाने वाली प्रवर्द्धन तथा वजारीकरण कार्यक्रम। | • बीउ, प्राङ्गगारिक मल, शुक्ष्म तत्व • प्रशोधन गर्ने औजार/उपकरण • ग्रेडिङ्ग, लेवलिङ्ग, प्याकेजिङ्ग तथा वजारीकरणमा सहयोग। • प्रचार प्रसार | • कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारीबाट एकल वा सामुहिक रुपमा बजार योग्य परिमाणमा उत्पादन भएको हुनुपर्ने । | जिल्ला भरी | • कार्यालयले लागत अनुमान स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने । | १ |
| ११ | बीउ आत्मनिर्भर कार्यक्रम (तरकारी वाली) | • उत्पादन सामाग्री: स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल, शुक्ष्म तत्व खरिद। • प्याकेजिङ सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद। | • बीज वृद्धि कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेः<br>(बीज वृद्धि — आवश्यक क्षेत्रफल (रोपनी): तरकारी बीउ — ५)<br>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने। • सामूहिक बीउ उत्पादन | जिल्ला भरी | • बीउ आत्मनिर्भर कार्यक्रमको हकमा प्रोत्साहन स्वरुप देहाय बमोजिम उपलब्ध गराईने छ। • तरकारी बीउ उत्पादनमा प्रति रोपनी रु ५०००।- | २ |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८७७०११
वेबसाइट: rolpa.akc.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८१/०८२
च.नं.:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | क्लस्टरको [illegible]<br>• बीउ कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | | | |

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. प्रस्तावकको निवेदन। (अनुसूची ३३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारीको)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (अनुसूची-३५ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा। (अनुसूची ३९ बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था/समुह/कम्पनी/सहकारीको हकमा।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र) (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)।

**पुनश्च माथि उल्लेखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकार कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालयको "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१" अनुसार मात्र सञ्चालन हुनेछ। साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथी कुनै प्रक्रिया अघि बढ्ने छैन।**

**नोटः आवश्यक सूचना तथा आवेदनका नमूना फर्मेटहरु कार्यालयको वेबसाइट www. rolpa.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ अथवा नजिकको स्थानीय तह कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि यस कार्यालयका कार्यालय प्रमुख अरबिन्द मणि त्रिपाठी ९८५७८२४५०५, सूचना अधिकारी प्रेम बहादुर वली ९८५७८७७०११ र कार्यालयको सम्पर्क नं ०८६-४४०११८ र ०८६-४४०३०२ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।**



Scanned with CamScanner